
**Gold Open Access**
Full contents are available in NepJOL(http://www.nepjol.info/index.php/DSAJ)
DOAJ (https://doaj.org/toc/1994-2672)

**Dhaulagiri Journal of Sociology and Anthropology**




# डा. ग्रेग : नेपाल र नेपालीका सच्चा मित्र

***अमर शाह***

**Article Info**
Received: March 25, 2023
Revised: May 21, 2023
Accepted: May 23, 2023
Available Online: June 13, 2023
**DOI**: https://doi.org/10.3126/dsaj.v17i02.55723

मानवशास्त्री डा. ग्रेगोरीजीसँग मेरो भेट र संगत उहाँ मानवशास्त्री हुनुभन्दा पहिले गणितमा स्नातक योग्यता सहित पिसकोर स्वयंसेवक भई जाजरकोट खलङ्गामा सेवारत रहेको बेला बि.सं. २०३५ मा भएको थियो । दुर्गम जिल्लाहरुमा माद्यमिक विद्यालयहरु खुल्न भर्खर-भर्खर सुरु गरेको तीसको दशकमा जाजरकोट सदरमुकाम खलङ्गाको त्रिभुवन हिमालय हाइस्कूल जाजरकोट जिल्लाको एक्लो माद्यमिक विद्यालय मात्र नभएर रुकुमको दक्षिण-पश्चिमी भेग, तत्कालीन रोल्पा (हाल सल्यान) को पश्चिमी भेग र सल्यानको उत्तरी भेगका कक्षा आठभन्दा माथि पढ्न चाहने धेरै विद्यार्थीहरुको लागि अनिवार्य गन्तव्य थियो र मावली घरमा बसेर बि.सं. २०३१ मा त्यही विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरेको म नेपालगञ्जबाट विज्ञानमा प्रमाण-पत्र तह (आई.एस्सी.) सकेर शिक्षक हुन पुनः त्यही पुगेको थिए । एस्.एल्.सी. पास मात्र नभएर एस्.एल्.सी. फेल भएका व्यक्ति समेत मुस्किलले भेटिने त्यो जमानामा आई.एस्सी.लाई पनि ठूलै डिग्री मानिन्थ्यो र रुकुम र जाजरकोटका अन्य विद्यालयहरुबाट शिक्षक बन्ने निमन्त्रणा पाए पनि म शिक्षक बन्न आफ्नो दोस्रो घर जस्तो जाजरकोट खलङ्गाको आफूले पढेकै विद्यालयमा गएको थिए ।

ग्रेगोरी गेब्रिल मास्कारिनेकलाई सजिलोको लागि हामीले ग्रेग सर बनाएका थियौं र उनी सहकर्मी, विद्यार्थी र स्थानीय सबैको लागि ग्रेग सर थिए । त्यति बेला अमेरिका र अमेरिकन बारेको हाम्रो जानकारी कहिलेकाही स्थानीय पुस्तकालयमा आइपुग्ने अमेरिकी दूतावासको प्रकाशन स्वतन्त्र विश्व नामक पत्रिकाका चिल्ला पानामा देखेका रंगीन चित्र र रेडियो नेपालबाट यदाकदा सुनिने समाचारमा मात्र सीमित थियो तर, जे जति हामीलाई थाहा थियो त्यसकै आधारमा पनि ग्रेग हामीले थाहा पाएका अमेरिकन भन्दा फरक थिए । ग्रेगसँग खल्तीमा राख्ने घडी थियो, नाडी घडी थिएन । रेडियो थिएन । महङ्गा सुट मात्र होइन एउटा राम्रो कोट पनि थिएन । उनी अत्यन्त कम बोल्थे । उनी रक्सी र चुरोट पिउँदैनथे । उनी कञ्जुस थिए, पैसा खर्च गर्दैनथे । स्थानीयसँग धेरै घुलमिल पनि गर्दैनथे । सारमा उनी हामीले चिनेका र चाहेका अमेरिकन थिएनन् ।

पिसकोर स्वयंसेवकको रुपमा नेपाल आउन छनौट भएपछि नेपाल बारे जानकारी संकलन गर्न सुरु गरेको र नेपाल विश्वकै गरिबमध्येको देश भएको थाहा पाएपछि त्यस्तो देशमा नाडी घडी कतिले पो बाँध्छन होला र भन्ने ठानेर आफूले नाडी घडी नल्याई पकेट घडी ल्याएको र धेरै महङ्गा कपडा पनि नल्याएको भन्थे उनी । एक दिन रुकुममा काम गरिरहेका उनी जस्तै पिसकोर स्वयंसेवक जाजरकोट आएको बेला दुबैजना जाजरकोटका प्रमुख जिल्ला अधिकारीलाई भेट्न गएछन । उनका साथी सुटमा रहेछन र ग्रेग आफ्नै सामान्य भेषमा । सी.डी.ओ. ले दुबैलाई भेट्दा खै किन हो अर्को पिसकोरसँग हात मिलाएछन तर ग्रेगसँग हात मिलाएन छन । त्यसको अर्थ आफूले सुट नलगाएको हुदा सी.डी.ओ.ले हात नमिलाएको भन्ने लगाए ग्रेगले । "अब म अमेरिका गएपछि हेर्नु कस्तो-कस्तो कपडा र सामान लिएर आउछु ?" ग्रेगले हामीलाई भने पनि तर, बीचमा अमेरिका गएर फर्कदा भने पहिलेकै अवस्थामा फर्के । "...मसँग पैसा थिएन ।

This work is licensed under the https://creativecommons.org/licenses/by-nc-sa/4.0/© Amar Shah
Email: shahamar10@gmail.com

अमेरिकामा महंगी बढेछ । बुवाआमा गरिब बनेछन । केही पनि किन्न सकिएन ...” उनले सुनाएका थिए ।

उनी पेइङ्ग गेष्टको रुपमा बसेका थिए र उनी बस्ने घर घरधनीको मूल घर भन्दा अलग्गै एकान्तमा थियो । उनको सूचना स्रोत पिसकोर कार्यालयले काठमाडौंबाट पठाउने बासी अमेरिकी पत्रिका मात्र हुन्थे । “बाहिरी संसारसँग जोडिन पनि रेडियो त राख्नु पर्‍यो” एक पटक मैले सल्लाह दिएको थिए । “रेडियो सुने समाचारहरु तत्काल थाह पाइन्छ र चिन्ता लाग्छ तर, आफूले गर्न केही सकिदैन । त्यो भन्दा त पत्रिकाबाट बासी खबर थाह पाउनु राम्रो ... ....  आफूले थाहा पाउने बेलासम्म समस्या समाधान भइसकेको हुन्छ  र समाचार इतिहास बनिसकेको हुन्छ ...” उनको आफ्नै तर्क थियो ।

विद्यालय बाहेकको समय ग्रेगले प्राय कोठामा एक्लै बिताउथे । विश्वामित्रले जस्तो तपश्या गरिरहेकोले आफ्नो नाम विश्वामित्र र त्यो तपस्या शाहको घरमा बसेर  गरेकोले आफ्नो थर शाह हुनुपर्छ भन्ने तर्क उनको थियो । पटक-पटक हामीले नेपाली केटी बिहे गर्ने सल्लाह पनि दियौं । सुरुमा यो सल्लाहप्रति ग्रेग केही सकारात्मक पनि देखिए तर पछि त्यतातिर नलाग्ने घोषणा गरे । नेपाली महिलासँग बिहे गरे पनि आफू नेपालमा बस्न नसक्ने र नेपाली महिला अमेरिका पुगेपछि सुरुमा त्यहाँको सुख सुविधामा रमाए पनि पछि आफ्ना चाडपर्व, खाना, साथी, नातेदार सम्झेर दुखी हुने हुदा त्यस्तो विवाहले समस्या निम्त्याउने तर्क उनको थियो ।

विद्यालयमा पढाउने र कोठामा बसेर पढ्ने मात्र गर्दा उनीसँग समय बच्थ्यो शायद । उनले केही समय बाइनाकुलर र Birds of Nepal पुस्तक बोकेर खलङ्गा वरपरका जङ्गलमा चरा चहार्न सुरु गरे । खलङ्गाको सो विद्यालयमा त्यस बेला जाजरकोट जिल्लाका विभिन्न भेकका विद्यार्थी थिए । बिदाको समयमा विद्यार्थीले आफ्नो घर जाने निम्ता गर्दा उनी खलंङ्गा बाहिर जान थाले । अमेरिकाबाट पहिलो पटक कुनै गरिब देशमा आएको गणितमा स्नातक युवालाई जाजरकोटमा देखेका धेरै कुरा आश्चर्यजनक लागेको हुनुपर्छ । अहिले पनि प्रचलनमा रहेको धामीझाँकी र झारफूक त्यति बेला झन प्रचलनमा थियो जाजरकोटमा । ग्रेगको रुची बिस्तारै धामी-झाँकीमा बढ्न थाल्यो र उनी गाउँघर पुगेर धामीझाँकीका कथा तथा मन्त्र क्यासेट प्लेयरमा संकलन गर्न थाले । ग्रेगले नेपाली बोल्न, पढ्न र लेख्न सिकी सकेको भए पनि औपचारिक शिक्षा नपाएका स्थानीय बासिन्दाले बोल्ने नेपाली बुझ्ने दक्षता उनीसँग थिएन फलतः उनले क्यासेट प्लेयरमा रेकर्ड गरेर ल्याएको कुरा क्यासेट सुनेर सुद्ध नेपालीमा उतार्ने काममा मैले सहयोग गरे । क्यासेट सुनेर मैले नेपालीमा लेखेको कुरालाई उनी नेपालीबाट अंग्रेजीमा अनुवाद गर्थे । सुरु सुरुमा उत्सुकुताले धामीझाँकी तर्फ तानिएका उनी पछि त्यतै तानिदै गए । कुनै खास महिनाको पूर्णिमा, औंसी आदि विशेष अवसरमा ठाउँठाउँमा लाग्ने मेलामा उनी पुग्थे र त्यहाँबाट विभिन्न कथा, किंवदन्ती तथा धामीझाँकीका मन्त्रहरु संकलन गरेर ल्याउथे । म त्यसलाई सुद्ध नेपालीमा उतार्थे, उनी अंग्रेजीमा अनुवाद गर्थे ।

बि.सं. २०३६ मा हुनुपर्छ उनी जाजरकोटको सुदूर उत्तर पैंकमा लाग्ने प्रख्यात मष्टोको मेलामा पुगेछन । कर्णाली क्षेत्रमा मष्टोको विशेष स्थान छ र पैंकका मष्टको मन्दिर तथा धामी बढी शक्तिशाली मानिने गर्छन । पैंक वरपर र टाढाटाढाबाट धामीहरु आउने गर्छन त्यहाँको पूजा वा जाँतमा । देउता जिउमा चढेर धामी कापीरहेको बेला ग्रेगले फोटो खिचेछन मन्दिर भित्र । फोटो खिच्ने कुरा नौलो थियो त्यति खेर । क्यामेराको ल्फ्यास चम्केपछि खैलाबैला भएछ ।  धामीले ग्रेगको क्यामेरा खोस्न खोज्दा ग्रेगले धामीको कपाल पकडेछन । त्यहाँ ठूलै विवाद भएछ केही बेर । पछि त्यहाँ भर्खरै खुलेको माद्यमिक विद्यालयका शिक्षकहरुले मध्यस्तता गरेपछि कुरा मिलेछ धामीको कपाल पकडेवापत ग्रेगले रु. पाँच दण्ड सहित माफी माग्ने र ग्रेगले फोटो खिच्न पाउने गरी । सहमतिपछि ग्रेगले फोटो खिचे र काठमाडौमा रंगीन फोटो धुलाई नहुने त्यो जमानामा रिल बाहिर पठाएर फोटो सफा गराई पैंकमा पठाए । क्यामेरा र फोटो धेरैले थाहा नपाउने सो समयमा आफ्नो रंगीन फोटोहरु देखेर धामीहरु खुसी भए फलतः उनीहरुले अर्को मेलामा ग्रेगलाई स्वागत मात्र गरेनन ग्रेगको अगाडी भाति पारी पारी नाच्न समेत थाले ।

धामीझाँकीप्रतिको आकर्षण बढेपछि ग्रेगले दुईवटा काम गरे -बसाई लम्ब्याउन पिसकोरको दुई वर्षे कार्यकाल अरु दुई वर्ष थप गर्ने र सदरमुकाम खलङ्गामा भन्दा ग्रामीण भेकमा बस्दा सो विषयमा अनुसन्धान गर्न बढी सहज हुने भएकोले पिसकोर स्वयंसेवकको दोस्रो कार्यकाल पैंकको विद्यालयमा बिताउने । परिणाम स्वरुप २०३५ अन्तिम वा २०३६ को सुरुतिर उनी सदरमुकाम खलङ्गाबाट पैंकमा सरे । बि.सं. २०३६ मा सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्था के छान्ने भन्ने जनमत संग्रह घोषणा भएपछि कुनै पनि राजनैतिक दलको उपस्थिति नभएको त्यो बेला जाजरकोटमा बहुदलको पक्षमा प्रचार-प्रसार गर्ने हामी केही शिक्षक मात्र भएको हुँदा म सत्ताको आँखाको कसिंगर बन्न पुगे र सदरमुकामको विद्यालयबाट सरुवा भएर म पनि पैंकमा पुगे । यस प्रकार जाजरकोटका दुईवटा विद्यालयमा गरी ग्रेगसँग मैले लगभग दुई वर्ष बिताए ।

ग्रेगसँग बितेका हाम्रा दिनहरु निकै रमाइला थिए । समय मिलेसम्म ग्रेग जुम्ला, डोल्पा, रुकुम आदि जिल्लाको  पदयात्रामा निक्ली रहन्थे ।  त्यही क्रममा २०३६ मा रारा पुग्ने लक्ष लिएका राजेश्वर र म तथा डोल्पा से फोक्सन्डो (?) पुग्ने लक्ष लिएका ग्रेगले जाजरकोट खलंगाबाट समुद्री सतहबाट १३,००० फीट

भन्दा बढी अग्लो च्याखुरे पार गरेर जुम्लाको डिल्लीकोटसम्म सगै पदयात्रा पनि गरेका थियौं । त्यो पदयात्राका दुईवटा कुरा मलाई सम्झना आइरहन्छन । एक, लिम्सामा पुगेपछि ग्रेगको लागि भरिया व्यवस्था गर्नुपर्ने भयो । त्यहाँ पनि हाम्रा विद्यार्थी भएकोले भरिया खोज्न अप्ठेरो परेन । प्रति दिन ज्यालाको कुरा ग्रेगले खाना खुवाउने वा सुख्खा (भरियाले आफै व्यवस्था गर्नुपर्ने) भन्ने शर्तमा तय गरियो र सुख्खा अर्थात खाना ग्रेगले नखुवाउदा बढी ज्याला पाउने भएकोले लोभमा भरियाले सुख्खा रोजे । तर, त्यो विकट बाटोमा भरियालाई आफै खाजा खानाको व्यवस्था गर्न सहज थिएन । चिया पिउने ठाउँमा माया मानेर राजेश्वर र मैले भरियालाई चिया, चिउरा दियौं जुन ग्रेगलाई मन परेन । हामीले चिया, खाजा दिन खोज्दा “उसले सुख्खा भनेको हो किन दिने” ग्रेग रोक्थे । दुई, हामीसँग एउटा पानासोनिक रेडियो थियो जुन बजाउदै हिड्ने बिचार हाम्रो थियो तर, लिम्सा भन्दा माथि जंगल सुरु भएपछि ग्रेगले हामीलाई रेडियो सुन्न दिएनन । चरा, पशु, बोट बिरुवा र दृश्यावलोकनको आनन्द लिन पो पदयात्रामा निक्लेको हो ! रेडियो त घरमै सुन्नु नि ? उनको तर्क हामीले काट्न सकेनौ ।

हामी ग्रेगलाई त्यस बेला रुखो र लोभी अमेरिकन ठान्थौं । शिष्टाचारका उनका र हाम्रा मापदण्ड फरक थिए । चिया प्रचलनमा रहे पनि त्यस बेला कफी विशेष मानिन्थ्यो र दुर्गम जाजरकोटको अझ दुर्गम पैंकमा कफी झन विशेष हुन्थ्यो । पैंकमा ग्रेग पेइङ्गगेष्टको रुपमा बसेको भए पनि आफ्नो कोठामा स्टोभ बालेर चिया, कफी बनाउने भएकोले कहिलेकाँही हामीलाई कफी पिउन बोलाउथे पनि । त्यस्तै कुनै एक दिन हामी उनले बोलाएका शिक्षकहरु म, मधुकर शाह र प्रधान अध्यापक महेन्द्र जङ्ग उनको कफी निमन्त्रणामा जम्मा भएका थियौं र घाममा बसेर तितो कफी अति मिठो माने जस्तो गरी पिउदै थियौं । हाम्रो गफगाफमा सामेल हुन अर्का शिक्षक गोपाल आर.सी. जो ग्रेगका घरवेटी पनि थिए आइपुगे जसलाई शायद ग्रेगले बोलाएका थिएनन । आफूले बोलाएका हामी सबैलाई ग्रेगले कफी दिए तर, नबोलाएकोले हुनसक्छ गोपाल सरलाई कफी दिएनन । हामीलाई अचम्म त लाग्यो तर, विदेशी चलन यस्तै होला भनेर चुपलाग्यौं ।

भौगोलिक रुपमा दुर्गम भए पनि रोकाय क्षेत्रीहरुको बसोवास भएको पैंक त्यस बेला जाजरकोटको सचेत र शिक्षित गाउँमध्येको एक थियो र त्यहाँका आर.सी.हरुले बाहिरबाट आएका हामी र अरु पाहुनाहरुको स्वागत सत्कार अत्यन्त राम्रो रुपमा गर्नेगर्थे । विभिन्न चाडबाडमा घरमा खाना खाने निमन्त्रणा प्राप्त भइरहन्थ्यो । त्यस्तो निम्ता “अम्रिकन” ग्रेगले झन पाउथे । ग्रेगलाई जिस्काउन हुनुपर्छ भान्से महिलाहरु “पस्केको खाना खेर फाले हाम्रा देउता रिसाउछन” भन्थे र सुरुमै धेरै खाना पस्केर दिन्थे । त्यस्तोमा थप्ने कुरा त भएन तर, सुरुमै दिएकै खाना सक्न पनि ग्रेगलाई बडो सकस पर्थ्यो । फलतः धेरै खाएर उठ्न नसकी ग्रेगले घरको खामो पकडेर उठेको जस्ता किस्सा अर्को दिन पधेराका रमाइला चर्चा बन्थे ।

आआफ्नो व्यावहारिक कारणले छुट्टिए पनि सुरुमा चिठी, उनी नेपाल आएको बेला कहिलेकाहीका भेटघाट र पछि इमेलबाट हाम्रो सम्पर्क रहिरह्यो । बीचको लामो अवधिमा मेरो र उनको सम्पर्क नेपाली र अंग्रेजी नयाँ वर्ष, दशै, तिहार र क्रिसमस जस्ता चाडका अवसरमा औपचारिक शुभकामनामा मात्रै सीमित रह्यो । उनी फुलब्राइट स्कलरको रुपमा पटक पटक नेपाल आइरहन्थे र त्यसरी नेपाल आउदा नेपालगञ्ज र पोखरामा उनी आएर मसँगै बसे पनि । जाजरकोटमा जिज्ञाषा बढेको धामीझाँक्रीको अध्ययन, अनुसन्धानले ग्रेगलाई गणितको विद्यार्थीबाट मानवशास्त्री बनायो र सम्भवतः नेपालमै भेटेकी जर्मनीकी डा. गेरटर्डसगको विवाहले हवाई विश्वविद्यालयको प्राध्यापक पनि बनायो । तर, नेपाल, नेपाली र नेपाली संस्कृतिप्रतिको उनको प्रेम भने सधैं प्रगाढ रहिरह्यो । उनलाई नेपाल सरकारले बीरेन्द्र प्रज्ञालङ्कारले सम्मान गऱ्यो, प्रज्ञा प्रतिष्ठानले आजीवन विद्वत वृत्ति प्रदान गऱ्यो । उनी नेपाल र नेपालीका मित्र बनिरहे । नेपालमा उनका साथीहरुमा एक थरी उनी पिसकोर स्वयंसेवक हुदाका म जस्तै उनका सहकर्मी र विद्यार्थी थियौं भने एक थरी पछि उनी मानवशास्त्री बनेपछिका विश्व विद्यालय र अध्ययन अनुसन्धान जगतका समकक्षीहरु थिए । मैले थाहा पाए अनुसार उनी काठमाडौंमा मदनमणि दीक्षित र जाजरकोटमा योगेश्वर कार्कीलाई अत्यन्त श्रद्धा गर्थे ।

पछिल्ला केही वर्ष यता उनी नेपाली संस्कृतिको क्षेत्रमा योगदान गर्नेलाई पुरुष्कृत गर्ने गरी ग्रेगोरी पुरष्कार स्थापना गरेर हाम्रा साझा मित्र राजेश्वर कार्कीजीले स्थापना गरेको नेपाली कला साहित्य डट कम प्रतिष्ठान मार्फत नेपाली साहित्य र संस्कृतिको विकासमा पनि संलग्न भएका थिए र २०७६ मा नेपाल आएको बखत प्रतिष्ठानको साहित्य यात्रामा जुम्ला र रारासम्म पुगेका थिए । यो पछिल्लो भ्रमणको बेला उनी जुम्ला यात्राबाट फर्केपछि उनी र उनकी पत्नी डा. गेरटर्डलाई दिलीप र मैले उनीहरु बसिरहेको पाटनको गेष्ट हाउसमा भेटेका थियौं । ग्रेगसँग लामो संगत भए पनि गेरटर्डसँगको भने मेरो त्यो पहिलो भेट थियो । सामान्य कुराकानीपछि हामीले फोटो खिच्यौं । “फोटो सम्झनाको लागि राम्रो हो तर, यसलाई फेसबूक वा अन्य सामाजिक सञ्जालमा भने नराख्नु । यो हाम्रो निजी जीवनको पाटो हो ...” गेरटर्डले यसो भन्दा मलाई ग्रेग र गेरटर्डको जोडी कसरी बन्यो होला भन्ने बुझ्न गाह्रो भएन । “अचम्भ लाग्छ, नेपालीहरु अमेरिका पुग्ने बित्तिकै किन गाडी किन्छन होला ? हामीसँग त अमेरिकामा मोबाइल फोन पनि छैन र घरमा (हवाइमा) टेलिभिजन पनि छैन” ग्रेग भन्थे । “हाम्रो घरमा टेलिभिजन छैन त्यसैले मेरी दुबै छोरीले पी.एच्.डी. गरे” ग्रेगले एक पटक भनेका

थिए । पुस्तकले पाठकलाई कल्पना गर्न लगाउछ र पाठकको सिर्जनशीलता बढ्छ तर टेलिभिजनले सूचना सम्प्रेषण गरे पनि सूचना प्रवाह हुने गतिले गर्दा हेर्ने व्यक्तिको सिर्जनशीलता नष्ट गर्छ ... " उनको तर्क थियो ।

पछिल्लो पटक २०७६ मा नेपालबाट फर्केपछि लामो समयसम्म हाम्रो सम्पर्क भएन । ग्रेग पछिल्लो पटक नेपालबाट फर्केपछि पित्त थैलीको पत्थरीको आशंकामा CT Scan गर्दा आहारा नलीको क्यान्सर तेस्रो अवस्थामा पुगिसकेको थाहा भएछ। उनको आहारा नली र दुई तिहाई पेट तत्काल शल्यक्रिया गरी हटाउनु परेछ। सल्यक्रिया गरेको बाँकी भाग पेटमा पनि समस्या देखिएपछि उनी दोस्रो सल्यक्रियाको लागि अस्पताल बस्नुपरेछ र त्यहीक्रममा उनलाई कोभिडको संक्रमण भएछ । यो सबै उनले यमेलमा लेखेका थिए "सञ्चो" भएर अस्पतालबाट घर फर्केपछि। तर, उनको शरीर क्यान्सरमुक्त हुन भने सकेन। केही महिनामै क्यान्सर मस्तिष्कमा देखा पऱ्यो र त्यसको अपरेशन गरियो । अपरेशन र अन्य उपचारले पनि मेडिकल कलेजमै पढाउने प्राध्यापक र क्यान्सर अनुसन्धान केन्द्रकी निर्देशकका पतिलाई निको पार्न भने विज्ञानले सकेन ।

लामो समयसम्म उनको स्वास्थ्य अवस्था बारे केही खबर नपाएपछि अवस्था कस्तो छ भनेर मैले २४ जेठ २०७८ मा इमेल गर्दा अपरेसनपछि पनि मस्तिष्कमा फेरि क्यान्सर बढेपछि निरास भएका उनले जेठ २८ मा लेखेका थिए Well, I'm glad I learned to say "ke garne"। "के गर्ने" भनेर ग्रेगले जाजरकोटमा बितेका दिनहरु तर्फ संकेत गरेका थिए, जुन बेला उनी "के गर्ने" भनेर परिस्थितिसग हार मान्ने नेपालीहरु प्रवृत्ति मेहनत नगर्ने बहाना हो भन्ने गर्थे। इमेलमा उनी अत्यन्त निराश लाग्थे र मृत्यु स्वीकार गर्न तयार थिए। त्यसै क्रममा २४ भाद्र २०७८ मा उनले मलाई इमेल पठाए "नेपालमा हुदा मानिस मरेको १३ औं दिनमा गरिने कार्यक्रममा म सहभागी भएको थिए। म ५०० डलर पठाउछु मेरो मृत्युपश्चात नेपालका मेरा मित्रहरु पनि भेला भएर सँगै भोज खानु र मेरो बारेमा कुरा गर्नु " भनेर। त्यो इमेल पाउदा हामी उसका साथीहरु अत्यन्त दुखी भयौं । राजेश्वर, दिलीप, मनोहर र मैले सल्लाह गऱ्यौं र उनलाई इमेल लेख्यौं "तपाईले नेपालमा गर्नु भएको कामले गर्दा तपाईलाई सम्मान गर्नु हाम्रो कर्तव्य हो । तपाईको मृत्युपश्चात हामी काठमाडौं र जाजरकोटमा श्रद्धाञ्जली कार्यक्रम राख्छौं । कृपया पैसा पठाउने कुरा नगर्नुहोला ..." तर, ग्रेगले हाम्रो कुरा सुनेनन। मृत्यु नजिक आएको आभास पाएर हुनुपर्छ १३ फागुन २०७८ का दिन मेरो खातामा उनले पठाएको ५०० डलर आइपुग्यो ।

यसरी ग्रेगले पठाएको पैसा आइपुगेपछि हाम्रो छटपटी झन बढ्यो । साथीहरुसँग सल्लाह गरेर हामीले २०७९ जेठ ३ गतेका दिन ग्रेगको स्वास्थ्यलाभको कामना गर्दै पशुपतिनाथमा सन्ध्याकालीन आरती आयोजना गऱ्यौं । सो आरती अघिल्लो दिननै गर्ने योजना थियो तर साँझपख आँधीपानी आएको कारण साथीहरु जम्मा हुन अप्ठेरो पर्ने देखेर अन्तिम घडीमा रद्द गऱ्यौं । म यो आरती अर्को कुनै दिन गरौं भन्दै थिए तर ग्रेगकी विद्यार्थीमध्येकी एक इन्दिरा शाहको जोडमा जेठ ३ गतेनै गऱ्यौं । धेरै साथीहरु जम्मा हुन सकेनन । म, इन्दिरा र रेशम मात्र सहभागी भयौं । मैले आरतीका ससाना भिडियोहरु ग्रेगलाई पठाए । सबैलाई धन्यवाद दिदै ग्रेग अत्यन्त खुसी भएको इमेल आयो र उनको इमेलले हामीलाई झन खुसी बनायो । "आरती गरेको जेठ ३ गते पूर्णिमाको दिन थियो र मेरो जन्म दिन पनि । मैले मेरो जन्म मिति कसैलाई भनेको जस्तो लाग्दैन तर कसरी थाह पाएर मेरो जन्म दिनकै दिन आरती राखेको ?" ग्रेगले लेखेका थिए । पूर्णिमा र ग्रेगको जन्म दिन बारे हामीले सोचेका पनि थिएनौं र सो दिन परिस्थितिवस इन्दिरा शाहजीको जोडमा मात्र परेको थियो तर, जे भयो अत्यन्त राम्रो भएछ ।

आखिर ४ असार २०७९ को बिहान गेरटर्डको इमेल आइपुग्यो २ असार २०७९ मा ग्रेगले संसार छोडेको खबर ल्याएर। यो हामी सबैले प्रतिक्षा गरेको खबर थियो । हामी दुखी भयौं । ससाना समूहमा ग्रेगलाई सम्झदै उनीप्रति श्रद्धाञ्जली अर्पण गर्दै गऱ्यौं र १८ असार २०७९ का दिन योगेश्वर कार्की स्मृति प्रतिष्ठान मार्फत काठमाडौंमा औपचारिक कार्यक्रम आयोजना गरेर ग्रेगप्रति श्रदाञ्जली अर्पण गयौं। त्यस्तै श्रदाञ्जली जाजरकोटमा ग्रेगले सेवा गरेका विद्यालयहरु खलङ्गा र पैंकमा पनि आयोजना गरिए जसको भिडियो ल्किपहरु मैले गेरटर्ड र ग्रेगको भाइलाई पठाइदिए । ग्रेगले आफ्नो मृत्युको १३ औं दिनको खर्च भनेर पठाएको ५०० डलर सबैको सल्लाहमा राजेश्वर, दिलीप, मनोहर र म गएर २१ माघ २०७९ का दिन हर्राबोट, राइनास, लमजुङ्गमा सञ्चालन भइरहेको सर्वोदय सेवाश्रम जेष्ठ नागरिक आश्रमलाई ग्रेगकै नाममा चढायौं ।

जाजरकोटको तत्कालीन परिवेशमा लाटो देशका तन्नेरी बनेर कथित बुद्धिजीवी बन्न पुगेका म, राजेश्वर, दिलीप, मधुकर दाइ आदि जस्ता गाडाहरुले त्यस बेला ग्रेगलाई बुझ्न सकेनौं कि भन्ने महसुस मलाई अहिले भइरहन्छ। वौद्धिक धरातलको दृष्टिले ग्रेग र हामीबीच सधै ठूलो अन्तर रह्यो र हाम्रो विधागत रुची पनि समान रहेन तर पनि हामी तीन दशक भन्दा बढी जोडिइ रह्यौं, यो नै महत्वपूर्ण कुरा हो जस्तो मलाई लाग्छ । ग्रेगले नेपाल बाहेक पनि अरु धेरै देशमा अध्ययन अनुसन्धानको काम गरेको देखिन्छ तर नेपाल, नेपाली संस्कृति र नेपाली जनताप्रति जति सम्मान उनले अन्य देश र संस्कृतिप्रति राखेको पाइदैन । आफ्ना छोरीहरुको नाम माया र मालिका राखेर होस् वा नेपाली संस्कृतिको विकासको लागि पुरष्कार स्थापना गरेर होस्, नेपाल सम्वन्धी अध्ययन, अनुसन्धान गरेर होस् वा नेपाल बारे शोधपत्र

प्रकाशन गरेर वा सम्वाद कार्यक्रम आयोजना गरेर होस् उनले सधै नेपाल र नेपालीको कल्याणको लागि काम गरिरहे। डा.ग्रेगोरी गेब्रिल मास्कारिनेकको मृत्युसँगै नेपालले एकजना शुभचिन्तक गुमाएको छ। सच्चा मित्र गुमाएको छ। स्वर्गीय ग्रेगप्रति हार्दिक श्रद्धाञ्जली !

९ फागुन, २०७९



**अमर शाह** (२०१५) धुल्खर्क, दार्मा गाउपालिका, सल्यानमा जन्मिनु भएका अमर शाहले आफ्नो माद्यमिक तहसम्मको शिक्षा तत्कालीन त्रिभुवन हिमालय हाई स्कूल, जाजरकोटबाट पूरा गरे र महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्जबाट आइ.एस्सी. पछि २०३५-२०३८ मा सोही विद्यालयमा र जनता मा.वि. पैंक, जाजरकोटमा तत्कालीन पिसकोर भोलिन्टिअर डा. ग्रेगोरीजीसँगै अध्यापन गरे।

कोलम्वो पलान छात्रवृत्ति अन्तर्गत भेटेरिनरी कलेज, यूनिभर्सिटी अफ एग्रिकल्चरल साइन्सेस, बेंगलोर, भारतबाट पशु चिकित्सा विषयमा स्नातक उपाधि प्राप्त गरेपछि बि.सं. २०४३ देखि निजामति सेवामा प्रवेश गरेका उनले युनिभर्सिटी अफ वेस्टर्न सिडनी, न्यू साउथ वेल्सबाट कृषि तथा ग्रामीण विकासमा स्नातकोत्तर उपाधि हासिल गरेका छन। निजामति सेवाको प्रमुख पशु विकास अधिकृत (सहसचिव) बाट सेवा निवृत्त भएपछि

परामर्शदाताको रुपमा काम गरिरहेका उनी हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा कार्यान्वयन भइरहेको नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा परामर्शदाता टोलीको प्रमुखको रुपमा काम गरिरहेका छन। समसामयिक सामाजिक मुद्दाहरुमा विशेष रुची राख्ने र साहित्य सिर्जनामा समेत समानन्तर रुपमा सक्रिय रहेका उनका दुईवटा कथा संग्रह र एउटा कविता संग्रह प्रकाशित छन।

Email: shahamar10@gmail.com